सिद्धार्थनगर नगरपालिका

# स्थानिय राजपत्र

खण्ड : १ | संख्या : २ | मिति : बैशाख १२ गते, २०७५

## भाग – १

सिद्धार्थनगर नगरपालिका

## केही कानुन तर्जुमा र व्यवस्थापन गर्न बनेको ऐन, २०७४

प्रमाणीकरण मिति: २०७४..................

प्रस्तावना:नेपालको संविधान, २०७२ को दफा २२६ बमोजिम स्थानीय तहलाई दिइएका अधिकारहरूको कार्यान्वयनका लागि संघीय तथा प्रादेशिक कानुनहरू व्यवस्थित भइनसकेको सन्दर्भमा सिद्धार्थनगर नगरपालिकामा केही आवश्यक कानुन तर्जुमा गरी लागु गर्न वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) बमोजिम नगर सभाले यो ऐन बनाएको छ ।

सिद्धार्थनगर नगरपालिका

## परिच्छेद १
## प्रारम्भिक

### १. सङ्क्षिप्त नाम र प्रारम्भ :

(१) यस ऐनको नाम “सिद्धार्थनगर नगरपालिकाको केही कानुन तर्जुमा र व्यवस्थापन गर्न वनेको  ऐन, २०७४” रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

### २. परिभाषा :

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) “नगरसभा” भन्नाले सिद्धार्थनगर नगरपालिकाको नगर सभा सम्झनु पर्छ ।

(ख) “नगरपालिका” भन्नाले सिद्धार्थनगर नगरपालिका सम्झनु पर्छ ।

(ग) “नगर कार्यपालिका” भन्नाले सिद्धार्थनगर नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(घ) “केही आवश्यक कानुन” भन्नाले नगरपालिकावाट तर्जुमा हुने केही आवश्यक कानुनलाई सम्झनु पर्छ ।

सिद्धार्थनगर नगरपालिका

## परिच्छेद २
## आवश्यक कानुन तर्जुमा सम्बन्धी व्यवस्था

३. **नगरपालिकाले आवश्यक कानुन तर्जुमा गर्न सक्ने :** (१) नेपालको संविधानले स्थानीय तहलाई दिइएका अधिकारहरू कार्यान्वयनको सन्दर्भमा संघीय तथा प्रदेश कानुनहरू व्यवस्थित नहुँदासम्म नगरपालिकाले ती अधिकारहरू कार्यान्वयनका लागि आवश्यक कानुन तर्जुमा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आवश्यक कानुन तर्जुमा गर्दा ऐनको हकमा नगर सभाबाट र नियम, निर्देशिका, कार्यविधिको हकमा नगर कार्यपालिकाले तर्जुमा गरी लागु गर्न सक्नेछ ।

४. **नियम, निर्देशिका, कार्यविधि तर्जुमा गर्न सक्ने:** नगर कार्यपालिकाले दफा ३ को उपदफा (१) को मान्यतामा प्रतिकूल नहुने गरी संविधानद्वारा आफूलाई प्रदत्त अधिकारहरूको कार्यान्वयनका लागि आवश्यक नियम, निर्देशिका तथा कार्यविधि तर्जुमा गरी लागु गर्न सक्ने छ ।

५. **खखारेजी र बचाउ:** यस अघि यस नगरपालिकाबाट निर्माण भएका कानुन यसै ऐन बमोजिम निर्माण भएको मानिने छ ।

आज्ञाले,
ख्याम बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

सिद्धार्थनगर नगरपालिका